# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण २०८१/२०८२

## लेकवेशी नगरपालिका, सुर्खेत

२८ देखि २९ गते वैशाख २०८३




लेकवेशी नगरपालिका सुर्खेत
कर्णाली प्रदेश

**प्रतिवेदन**


श्री रमादेवी भण्डारी
सहजकर्ता : लैससास विज्ञ, कर्णाली प्रदेश

| क्र.सं. | विषयसुची | पेज नम्बर |
|---|---|---|
| १. | पृष्ठभुमी | १ |
| २. | परिक्षणको महत्व | १ |
| ३. | लैससास परिक्षणको उद्देश्यहरु | २ |
| ४. | लैससास परिक्षणको विधि र तरिका | २ |
| ४.१ | तयारी चरण | २ |
| ४.२ | कार्यान्वयन चरण | ३ |
| ४.३ | प्रतिवेदन तयारी | ४ |
| ५ | लैससास परीक्षणका सहभागीहरु | ४ |
| ६. | लैससास मुल्याङ्कनका मुख्य विषय क्षेत्र र उपक्षेत्रहरु | ४ |
| ७. | लैससास परीक्षणबाट प्राप्त उपलब्धीहरु | ५ |
| ८. | लैससास परीक्षणबाट देखिएको लैससासको अवस्था | ६ |
| ९. | लैससास परीक्षण विश्लेषण औजारहरु | ७ |
| १०. | लैससास परीक्षण तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण | ७ |
| ११. | लैससास परीक्षणबाट प्राप्त परिणामको विश्लेषण | ९ |
| ११.१ | परीक्षणबाट प्राप्त गरेको अंक बारचार्टमा | ९ |
| ११.२ | परीक्षणबाट प्राप्त गरेको अंक माकुरे जालोमा | १० |
| १२. | लैससास परीक्षणबाट उपक्षेत्र अनुसार प्राप्त परिणामको विश्लेषण | १० |
| १२.१ | प्राप्त परिणामको विश्लेषण स्तम्भ चित्रमा | १० |
| १२.२ | प्राप्त परिणामको विश्लेषण माकुरे जालोमा | १४ |
| १३. | लैससास परीक्षणको आधारमा सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis) | १५ |
| १४. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना | १९ |
| १५. | निश्कर्ष | २२ |
| १६. | सुझाव | २२ |


अनुसुचिहरु

१. लैससास परीक्षणको सुचक, प्राप्तअङ्क र प्रमाणीकरणको आधार

२. कार्यशालाका सहभागीहरु (उपस्थिती विवरण)

३. कार्यक्रमको फोटोहरु

४. कार्यक्रम तालिका

२०८२/१२/२०

महेन्द्र कुमार शर्मा

प्रमुख प्रशासकीय अधिकृत

## १.पृष्ठभुमी :

नेपालको संविधानले दिशानिर्देश गरे बमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निमार्ण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक छ ।

नेपालको संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुन्, सबैलाई कानूनले समान संरक्षण गरिनु पर्ने व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, स्वास्थ्य रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडिपारिएका महिला, दलित, आदिवासी जनजाती, मधेशी, सिमान्तकृत एवं अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरुको विकास, संरक्षण र सशक्तिकरणका लागि सामाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

यसै सर्न्दभमा स्थानीय तहद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण, संवैधानिक एव कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तराष्ट्रियस्तरमा गरेका प्रतिवद्धता पुरा गर्न, स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रर्वद्धन गर्ने कार्यलाई थप मार्गर्दन गर्न मिति २०८३ वैशाख २८ देखि २९ गतेसम्म लेकवेशी नगरपालिका सुर्खेतको आ.व. २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएको छ ।

## २. लैससास परिक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसाथ गर्दै स्थानीय तहका नीति, कानून र योजना निर्माण गर्न, संस्थागत व्यवस्था, मानव संशाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व वहन गर्न यसको महत्व रहेको छ ।

१. पालिकाले लैङ्गिक तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका व्यक्ति र समुहको सामाजिक, आर्थिक र सांस्कृतिक उत्थानका लागि विगतमा गरेका क्रियाकलापहरुको लेखाजोखा गर्दै आगामी नीति तथा योजनाहरुलाई समावेशी बनाउन ।

२. यो एक स्वमुल्याङ्कन भएकाले पदाधिकारी तथा कर्मचारीहरुको व्यक्तिगत तथा संस्थागत गतिविधिहरुमा लैङ्गिक समानता र महिला सशक्तिकरणको क्षेत्रमा क्रियाशिल एवं संवेदनशिल बनाउन ।

३. यस पालिकाको कार्यक्षेत्रमा पहुँच वाहिर रहेका एवं वञ्चितीकरणमा परेका सबै वर्ग, क्षेत्र र समुदायमा विकासको समान प्रतिफल पुऱ्याउने कार्यमा मार्गदर्शन गर्दछ ।



...कुमार शर्मा
...प्रशासकीय अधिकृत

४. योजनाबद्ध तवरबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रक्रियालाई संस्थागत गर्न सहयोग गर्दछ ।

५. गत वर्षको कार्यक्रम तथा बजेटको लैससासको दृष्टिकोणबाट परीक्षण गरी पालिकाको आगामी कार्यक्रम तथा बजेटलाई लैससासमैत्री बनाउन सघाउ पुऱ्याउँदछ ।

## ३. लैससास परीक्षणको उद्देश्यहरु

यस परीक्षणको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी पालिकाले गर्ने सम्पुर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामुलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका उद्देश्यहरु यस प्रकार छनः

(क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत पालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिष्करणमा परेका व्यक्ति र समुहहरुको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेदलाई सम्बोधन गरी लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र सीमान्तकृत समुहहरुको व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(ग) पालिकाको सवै योजना, कार्यक्रम र कार्यान्वयनका चरणमा लैससास सिद्धान्तलाई अबलम्बन गरी यसलाई संस्थागत गर्दै लैजाने ।

## ४. लैससास परीक्षणको विधि र तरिका

लैससास परीक्षण दिग्दर्शन २०७८ को परिच्छेद ३ मा उल्लेखित विधिहरु अनुसार लेकवेशी नगरपालिका सुर्खेतको आ.व. २०८१/८२ को लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गरिएको छ । यस परीक्षण कार्यलाई प्रभावकारी बनाउनको लागि देहायका तीन चरणमा कार्य सम्पादन गरिएको छ ।

### ४.१ तयारी चरण :-

लैङ्गिक समानता तथा सामाजिक समावेशीकंरण परीक्षण गर्न तपसिल बमोजिम लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन गरियो ।

संयोजक : विमला खड्लुक (उपप्रमुख)

सदस्य : रमा देवी भण्डारी (लैससास विज्ञ)

सदस्य सचिव : लक्ष्मी खनाल. (लैससास फोकल पर्सन)

### क) लैससास परीक्षण कार्यदलको विवरण

कार्यदलको गठन पश्चात लैससास परीक्षणका उद्देश्य र प्रकृयाका वारेमा कार्यदललाई अभिमुखीकरण गरी कार्यशाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीहरूको व्यवस्था गर्ने कार्य भयो । लैससास परीक्षणको लागि

सहभागीहरूको सूची तयार गर्ने, लैससास कार्यशाला गोष्ठी सञ्चालनका लागि आवश्यक तयारी गर्ने कार्य भएको थियो ।

**ख) दस्तावेज संकलन**

दस्तावेजहरू, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षाको प्रतिवेदन र विभिन्न समयमा भएका निर्णयहरू आदि संकलन गरी लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरि प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो ।

**४.२ कार्यान्वयन चरण :**

**क) लैससास परीक्षण गोष्ठी**

कार्यदलको सहयोगमा २०८३ वैशाख २८ देखि २९ गतेसम्म कार्यशाला संचालन गरीयो । यस गोष्ठीमा कार्यपालिकाका सदस्यहरु, जनप्रतिनिधि, शाखा प्रमुख, कर्मचारीहरु र सरोकार संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा, उद्देश्य, महत्व, लैससासले सम्बोधन गर्ने विषय क्षेत्र, अन्तर्राष्ट्रिय सन्धी तथा प्रतिवद्धताहरु, दिगो विकासका लक्ष्यहरु, नेपालको संविधान तथा कानूनमा लैससास सम्बन्धी प्रावधानहरु, विश्वमा लैङ्गिक दृष्टिकोणले नेपालले प्राप्त गरेको स्थान आदिको बारेमा सहभागीहरुलाई अभिमुखीकरण गरिएको थियो ।

**ख) सूचकहरुमा छलफल (लेखाजोखा/विश्लेषण)**

अभिमुखीकरण पश्चात सूचक तथा उपसूचक अनुसार अंकभार विश्लेषणका लागि नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र यसको प्रभावको बारेमा विश्लेषण गरीयो । पाँच वटा मुख्य विषय क्षेत्र, २२ वटा उपक्षेत्रहरुका १०० वटा सूचकहरुमा क्रमिक रुपमा छलफल गरी प्रमाणीकरण गर्ने कागजात र सामुहिक सहमतिका आधारमा अंङ्क प्रदान गर्ने कार्य गरिएको थियो । स्वमूल्यांकनको आधारमा लैससास सुचक तथा उपसुचकहरुको अवस्था विश्लेषण गर्दा राम्रो देखिएमा १, मध्यम अवस्था देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा सूचक सम्बन्धमा कुनै काम नभएको पाइएमा ० अंक दिइयो । अंङ्क प्रदान गर्ने कार्य सकिए पश्चात विषय क्षेत्रका सुचकहरुको शीर्षकगत प्राप्ताङ्क तालिका तयार गरिएको थियो । प्राप्ताङ्कलाई माकुरे जालो, स्तम्भ चित्र र पाई चार्ट तयार गरी प्रस्तुत गरिएको थियो ।

**ग) सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण**

सुचकहरुमा छलफल गर्ने कार्य सकिएपछि सहभागीहरुलाई चार समुहमा विभाजन गरी सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति विश्लेषण कार्य गरी समुहगत प्रस्तुतीकरण गरिएको थियो । पुर्णाङ्क प्राप्त गर्ने सुचकलाई सवल पक्षमा र त्यस भन्दा कम अंङ्क प्राप्त गर्ने सुचकलाई सुधार गर्नुपर्ने पक्षमा राखिएको थियो ।

**घ) कार्ययोजना निर्माण**

सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति विश्लेषणको समुहगत कार्यको प्रस्तुतीकरण पछि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुधार कार्य योजना तयार गरी कार्यशालाको समापन गरिएको थियो ।

**४.३. प्रतिवेदन तयारी**

२०८२/०४/३०
सुरेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शनको तालिका नं. ९ मा उल्लेख भएको लैससास परीक्षण प्रतिवेदनको ढाँचा बमोजिम प्रतिवेदन तयार गरिएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा आएको निचोडलाई प्रतिवेदनमा समावेश गरिएको छ ।

## ५. लैससास परीक्षणका सहभागीहरु

लैससास परीक्षण गर्दा कार्यशालामा पालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरु, साझेदार संस्थाका प्रतिनिधिहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो । सहभागीहरुको जातीगत विवरण हेर्दा निम्नानुसार रहेको छ ।

| जम्मा सहभागी | | कुल संख्या | दलित | | जनजाती | | ब्राह्मण/क्षेत्री | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| २५ | ४८ | ७३ | ४ | ४ | ५ | ११ | १६ | ३३ |

## ६. मुल्याङ्कनका क्षेत्रहरु

लैससास मुल्याङ्कनका पाचवटा विषय क्षेत्र, २२ वटा उपक्षेत्रहरु र त्यसको पुर्णाअंकलाई तल प्रस्तुत गरिएको छ । यसको आधारमा नै १०० वटा सुचकहरु तयार गरिएको छ ।

**तालिका नं. १**
**मूल्यांकनका मुख्य क्षेत्र तथा उपक्षेत्रहरु**

| मुख्य विषयक्षेत्रहरु | उपक्षेत्रहरु | पुर्णाअंङ्ग | कैं |
|---|---|---|---|
| **नीति, कानून र योजना** | नीति र कानूनमा समावेशीता र सहभागीता | ८ | |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | |
| **मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्ग** | | २० | |
| **संस्थागत व्यवस्था** | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | |
| | समावेशी कार्यप्रणाली | ४ | |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ | |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | |
| **मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्ग** | | २० | |
| **मानव संशाधन तथा** | मानव संशाधन तथा क्षमता विकास | ८ | |



महेन्द्र कुमार शर्मा

| | | | |
|---|---|---|---|
| क्षमता विकास | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | |
| | कानूनी साक्षरता | ४ | |
| | विपद व्यवस्थापनमा समावेशीता | ४ | |
| **मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्क** | | २० | |
| सेवा प्रवाह | पुर्वाधार विकास | ४ | |
| | प्रजनन् स्वास्थ्य | ४ | |
| | शिक्षा कार्यक्रम | ४ | |
| | खानेपानी तथा सरसफाई | ४ | |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | |
| **मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्क** | | २० | |
| सुशासन तथा उत्तरदायित्व | सुशासन | ४ | |
| | उत्तरदायित्व र जवाफदेहीता | ४ | |
| | सुचना तथा संञ्चार | ४ | |
| | अनुगमन तथा मुल्याङ्कन | ४ | |
| | समन्वय र सम्बन्ध विस्तार | ४ | |
| **मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्क,** | | २० | |
| **कुल जम्मा पुर्णाअंङ्क** | | १०० | |

**७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणबाट प्राप्त उपलब्धी**

क) पालिकाको जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुमा लैससास सम्बन्धि जानकारी प्राप्त भएको छ ।

ख) पालिकाको नीतिगत व्यवस्था, विद्यमान संस्थागत संरचना, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वञ्चितीकरणमा परेका व्यक्ति, समुहहरुको सहभागिता, सशक्तिकरण, क्षमता विकास र प्राप्त गरेको लाभका आधारमा लैससास परिक्षणका सुचकका आधारमा अंक मापन भएको छ ।

ग) लैससास परिक्षणका सुचकका आधारमा प्राप्त भएका सुझावहरुको कार्यान्वयनका लागि योजनाको तयारी र कार्यान्वयनको सामुहिक प्रतिवद्धता भएको छ ।

## ८. लैससास परिक्षणबाट देखिएको अवस्था :

लेकवेशी नगरपालिका सुर्खेतको लैससासको अवस्थाका सम्बन्धमा लैससास परीक्षण दिग्दर्शन २०७८ को तालिका नं. १ मा उपलब्ध गराईएको १०० वटा सूचकहरु उपर सहभागितामूलक छलफल र प्रमाणीकरणको आधारमा पालिकाले ६० अंक प्राप्त गरेको छ । जस अनुसार नीति, कानुन र योजनामा १०.५ अङ्क, संस्थागत व्यवस्थामा १२.५ अङ्क, मानव संसाधन तथा क्षमता विकासमा १०.५ अङ्क, सेवा प्रवाहमा १३ अङ्क, सुशासन तथा उत्तरदायित्वमा १३.५ अङ्क प्राप्त गरेको छ ।

**तालिका नं. २**
**मुख्य विषय क्षेत्र, पुर्णाअंङ्ग र प्राप्तअंङ्ग**

| मुख्य विषयक्षेत्रहरु | उपक्षेत्रहरु | पुर्णाअंङ्ग | प्राप्तअंङ्ग | कैं |
|---|---|---|---|---|
| नीति, कानून र योजना | नीति र कानूनमा समावेशीता र सहभागीता | ८ | २.५ | |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ६ | |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २ | |
| मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्ग, प्राप्तअंङ्ग | | २० | १०.५ | |
| संस्थागत व्यवस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | ३ | |
| | समावेशी कार्यप्रणाली | ४ | १.५ | |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २.५ | |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ | २.५ | |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३ | |
| मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्ग, प्राप्तअंङ्ग | | २० | १२.५ | |
| मानव संशाधन तथा क्षमता विकास | मानव संशाधन तथा क्षमता विकास | ८ | ३ | |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | ३ | |
| | कानूनी साक्षरता | ४ | २ | |
| | विपद व्यवस्थापनमा समावेशीता | ४ | २.५ | |
| मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्ग, प्राप्तअंङ्ग | | २० | १०.५ | |
| सेवा प्रवाह | पुर्वाधार विकास | ४ | २ | |

| | | | | |
|---|---|---|---|---|
| | प्रजनन् स्वास्थ्य | ४ | ३.५ | |
| | शिक्षा कार्यक्रम | ४ | ३ | |
| | खानेपानी तथा सरसफाई | ४ | ३ | |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | १.५ | |
| **मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्ग, प्राप्तअंङ्ग र प्राप्तअंङ्ग प्रतिशत** | | २० | १३ | |
| **सुशासन तथा उत्तरदायित्व** | सुशासन | ४ | २.५ | |
| | उत्तरदायित्व र जवाफदेहीता | ४ | ३.५ | |
| | सुचना तथा संञ्चार | ४ | ३.५ | |
| | अनुगमन तथा मुल्याङ्कन | ४ | २ | |
| | समन्वय र सम्बन्ध विस्तार | ४ | २ | |
| **मुख्य विषय क्षेत्रमा पुर्णाअंङ्ग, प्राप्तअंङ्ग** | | २० | १३.५ | |
| **कुल जम्मा पुर्णाअंङ्ग, प्राप्तअंङ्ग** | | १०० | ६० | |

## ९. लैससास परीक्षण विश्लेषणका औजारहरु

- लैससास परीक्षणबाट नगरपालिकाको प्राप्त अवस्थालाई सुचकको आधारमा स्तम्भचित्रबाट विश्लेषण
- लैससास परीक्षणबाट नगरपालिकाको प्राप्त अवस्थालाई सुचकको आधारमा माकुरेजालो विधिबाट विश्लेषण
- नगरपालिकाको लैससासको क्षेत्रमा देखिएका सवल पक्ष र कमजोर पक्ष एवं अवसर र चुनौतीहरुको विश्लेषण

## १०. लैससास परीक्षण तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण

### १०.१. नीति, कानुन र योजना

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शनको तालिका नं. १ मा उपलब्ध गराईएका १०० ओटा प्रश्नहरुमा सहभागीतात्मक छलफल र प्रमाणीकरणका कागजातका आधारमा नगरपालिकाले कुल ६० अङ्ग प्राप्त गरेको छ । सूचकहरुमाथी तुलनात्मक अध्ययन गर्दा नगरपालिकाले नीति, कानुन र योजना विषयक्षेत्रमा १०.५ अंक प्राप्त गरेको छ । यस अन्तर्गतका उपक्षेत्र माथि भएको अभ्यासलाई अध्ययन गर्दा नीति कानुनमा समावेशीता तथा सहभागितामा २.५ अंक, योजना तर्जुमा तथा कार्यान्वयन चरणमा ६ अंक र बजेट तर्जुमा तथा कार्यान्वयनमा २ अंक प्राप्त गरेको छ । लैससासमा प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरुमा नीति, योजना, बजेट तर्जुमा गर्ने र संचालन गर्ने कार्यलाई नगरपालिकाले थप लैङ्गिक संवेदनशिलतापूर्वक कार्य बढाउनु पर्ने देखिन्छ ।

## १०.२ संस्थागत व्यवस्था

संस्थागत व्यवस्थाका सूचकहरुमाथि छलफल गर्दा यस पालिकाले १२.५ अंक प्राप्त गरेको छ । यसका उपक्षेत्र अर्न्तगत कर्मचारी पदाधिकारीमा प्रतिनिधित्वमा ३ अंक, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा २.५ अंक, वित्त व्यवस्थापन प्रणालीमा समावेशीतामा २.५ अंक प्राप्त गरेको छ । समावेशी कार्यप्रणालीमा १.५ अंक र तथ्यांक संकलन तथा व्यवस्थापनमा ३ अंक प्राप्त गरेको छ । तुलनात्मक रुपमा समावेशी कार्यप्रणाली बनाउने सूचक र वित्त व्यवस्थापन प्रणालीमा समावेशीता सूचकहरुलाई कार्ययोजना बनाएर अगाडी बढाउनु पर्ने अवस्था देखिन्छ ।

## १०.३ मानव संशाधन तथा क्षमता विकास

मानव संशाधन तथा क्षमता विकासको क्षेत्रमा नगरपालिकाले १०.५ अंक प्राप्त गरेको छ । यस विषयक्षेत्र अर्न्तगत मानव संशाधन तथा क्षमता विकासमा ३ अंक, विपद व्यवस्थापनमा समावेशीतामा २.५ अंक प्राप्त गरेको छ । औपचारीक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतनामा ३ अंक, कानुनी साक्षरतामा २ अंक प्राप्त गरेकोछ । तुलनात्मक अध्ययन गर्दा मानव संशाधन तथा क्षमता विकासका लागि कर्मचारी र जनप्रतिनिधिको लागि लैससासको सवालमा क्षमता विकास कार्ययोजना बनाएर अगाडी बढाउनु पर्ने देखिन्छ ।

## १०.४ सेवा प्रवाह

सेवा प्रवाह विषय क्षेत्रमा नगरपालिकाले १३ अंक प्राप्त गरेको छ । पूर्वाधार विकासमा २ अंक, शिक्षा कार्यक्रममा ३ अंक, खानेपानी तथा सरसफाईमा ३ अंक र प्रजनन् स्वास्थ्यमा ३.५ अंक प्राप्त गरेको छ । यस विषय क्षेत्र अर्न्तगत स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनको उपक्षेत्रले १.५ अंक प्राप्त गरेको छ । तसर्थ स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनको क्षेत्रका सूचकहरुमा विशेष कार्ययोजना बनाएर काम गर्नुपर्ने देखिन्छ ।

## १०.५ सुशासन तथा उत्तरदायित्व

सुशासन तथा उत्तरदायित्व विषयक्षेत्रमा नगरपालिकाले १३.५ अंक प्राप्त गरेको छ । यस विषयक्षेत्रका उपक्षेत्र अर्न्तगत सुशासनमा २.५ अंक, उत्तरदायित्व र जवाफदेहितामा ३.५ अंक, सूचना तथा संचारमा ३.५ अंक, अनुगमन तथा मूल्यांकनमा २ अंक, समन्वय र सम्वन्ध विस्तारमा २ अंक प्राप्त गरेको छ । नगरपालिकाले सुशासन, समन्वय र सम्वन्ध विस्तार, अनुगमन तथा मूल्यांकन जस्ता उपक्षेत्रमा लैससासको दृष्टिकोणले अझै राम्रो प्रतिफल प्राप्त गर्न यसका सूचक सम्बोधन हुने गरी कार्ययोजना बनाएर अगाडि बढेमा लैससासको क्षेत्रमा उदेश्य प्राप्त गर्न सफल हुने देखिन्छ ।

यस बारेमा विस्तृत विवरण फारम अनुसूची १ मा रहेको छ ।

२०८३/०३/२०
महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## ११. लैससास परीक्षणबाट प्राप्त परिणामको विश्लेषण

लैससास परीक्षणका पांचवटा विषय क्षेत्र र १०० वटा सुचकको आधारमा प्राप्त अंकलाई विषयक्षेत्रको आधारमा निम्नानुसार वारचार्टको माध्यमबाट विश्लेषण गरिएको छ ।

### ११.१ लैससास परीक्षणबाट मुख्य विषय क्षेत्रको प्राप्त परिणाम

क) **मुख्य विषय क्षेत्रको प्राप्त अंक स्तम्भ चित्र**

**चित्र नं. १**
**मुख्य विषय क्षेत्रको प्राप्त अंक स्तम्भ चित्र**




उल्लेखित चित्र अनुसार लैससास परीक्षणबाट नीति, कानून र योजनामा १०.५ अंक, संस्थागत व्यवस्थामा १२.५ अंक, मानव संशाधन तथा क्षमता विकास १०.५ अंक, सेवा प्रवाहमा १३ अंक र सुशासन तथा उत्तरदायित्वमा १३.५ अंक प्राप्त गरेको देखिन्छ । सबै विषय क्षेत्रको पूर्णाअंङ्क २० रहेको छ ।

### ११.२. मुख्य विषय बस्तुको प्राप्त अंक माकुरे जालोमा

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणबाट प्राप्त परिणाम मुख्य विषय क्षेत्र अनुसार माकुरे जालोमा प्रस्तुत गरिएको छ ।

चित्र नं. २
**मुख्य विषय बस्तुको प्राप्त अंक माकुरे जालोमा**




उल्लेखित चित्र नं. २ मा प्रस्तुत गरिएको माकुरे जालोमा निलो रंङ्गमा पुर्णाअङ्क र रातो रङ्गमा प्राप्त अंकलाई देखाईएको छ । रातो रङ्गका हरेक विन्दुहरुले सम्बन्धित विषयक्षेत्रले प्राप्त गरेको अंक देखाएको छ । यसबाट मानव संसाधन तथा क्षमता विकास र कानुन र योजनाको क्षेत्र अन्य क्षेत्रभन्दा कमजोर रहेको देखिन्छ ।

## १२. लैससास परीक्षणबाट उप क्षेत्र अनुसार प्राप्त परिणामको विश्लेषण

### १२.१. उप क्षेत्र अनुसार प्राप्त परिणाम स्तम्भ चित्रमा

लैससास परीक्षणबाट प्रत्येक विषय क्षेत्र अनुसार उपक्षेत्रको प्राप्त परिणामलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । जस अनुसार निलो रङ्गको स्तम्भले पुर्णाअंक र रातो रङ्गको स्तम्भले प्राप्तअंकलाई बुझाउछ ।

क) नीति, कानून र योजना

चित्र नं. ३
नीति, कानून र योजनाको प्राप्त अंक स्तम्भ चित्रमा

२०८१/०४/३०
राजेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत




उल्लेखित चित्र नं. ३ मा नीति, कानून र योजनाको उपक्षेत्रले सुचक अनुसार प्राप्त गरेको अंकलाई स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । नीति, कानूनमा समावेशीता र सहभागीतामा २.५ अंक, योजना तर्जुमा तथा कार्यान्वयनमा ६ अंक र बजेट तर्जुमा तथा कार्यान्वयनमा २ अंक प्राप्त गरेको देखिन्छ ।

**ख) संस्थागत व्यवस्था**

चित्र नं. ४
संस्थागत व्यवस्थाको प्राप्त अंक स्तम्भ चित्रमा






२०८२/०४/२०
महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

उल्लेखित चित्र नं ४ मा संस्थागत व्यवस्थाको उपक्षेत्रले सुचक अनुसार प्राप्त गरेको अंकलाई स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । कर्मचारी पदाधिकारी प्रतिनिधित्वमा ३ अंक, समावेशी कार्यप्रणालीमा १.५ अंक, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा २.५ अंक, वित्त व्यवस्थापन प्रणालीमा समावेशितामा २.५ अंक र तथ्याङ्क संकलन तथा व्यवस्थापनमा ३ अंक प्राप्त गरेको देखिन्छ ।

## ग) मानव संशाधन तथा क्षमता विकास

चित्र नं. ५
मानव संशाधन तथा क्षमता विकासको प्राप्त अंक स्तम्भ चित्रमा




उल्लेखित चित्र नं ५ मा मानव संशाधन तथा क्षमता विकासको उपक्षेत्रले सुचक अनुसार प्राप्त गरेको अंकलाई स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । जस अनुसार मानव संशाधन तथा क्षमता विकासमा ३ अंक, अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतनामा ३ अंक, कानूनी साक्षरतामा २ अंक र विपद व्यवस्थापनमा समावेशितामा २.५ अंक प्राप्त गरेको देखिन्छ ।

## घ) सेवा प्रवाह

चित्र नं. ६
सेवा प्रवाहको प्राप्त अंक स्तम्भ चित्रमा




उल्लेखित चित्र नं ६ मा सेवा प्रवाहको उपक्षेत्रले सुचक अनुसार प्राप्त गरेको अंकलाई स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । जस अनुसार पुर्वाधार विकासमा २ अंक, प्रजनन् स्वास्थ्यमा ३.५ अंक, शिक्षा कार्यक्रममा ३ अंक, खानेपानी तथा सरसफाईमा ३ अंक र स्वरोजगार तथा आयआर्जन र व्यवस्थापनमा १.५ अंक प्राप्त गरेको देखिन्छ ।

**ङ) सुशासन तथा उत्तरदायित्व**

चित्र नं. ७
सुशासन तथा उत्तरदायित्वको प्राप्त अंक स्तम्भ चित्रमा



उल्लेखित चित्र नं ७ मा सुशासन तथा उत्तरदायित्वको उपक्षेत्रले सुचक अनुसार प्राप्त गरेको अंकलाई स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । जस अनुसार सुशासनमा २.५ अंक, उत्तरदायित्व र जवाफदेहितामा ३.५ अंक, सूचना तथा संचारमा ३.५ अंक, अनुगमन तथा मुल्यांकनमा २ अंक र समन्वय र सम्बन्ध विस्तारमा २ अंक प्राप्त गरेको देखिन्छ ।

## १२.२ उप क्षेत्र अनुसार प्राप्त परिणाम माकुरे जालोमा

**चित्र नं. ८**

उपक्षेत्रको प्राप्त अंक माकुरे जालोमा



उल्लेखित चित्र नं. ८ मा लैससास परीक्षण गर्दा उपक्षेत्र अनुसार प्राप्त भएको अंकलाई माकुरे जालोमा प्रस्तुत गरिएको छ । माकुरे जालोमा निलो रङ्गले पुर्णांअंक र रातो रङ्गले प्राप्तअंकलाई देखाएको छ । तुलनात्मक अध्ययन गर्दा नीलो रङ्गको विन्दु र रातो रङ्गको विन्दु जति टाढा छ त्यसको पुर्णाअंक र प्राप्त अंक वीच फरक रहेको वुझाउछ ।

## १३. लैससास परीक्षण पश्चात सुचकको आधारमा गरिएको विश्लेषण (SWOT Analysis)

| मुल क्षेत्र | सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| नीति, कानून र योजना | • पालिकाले ऐन, कानून निति नियम बनाउदा लैससास सम्बन्धी केही विषयहरु समावेश गरेको ।<br>• योजना तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेटेको । | • नीति, कानून र योजना जारी गर्नु भन्दा अगाडी लैससासका दृष्टिले उपयुक्त भए नभएको लेखाजोखा गर्नुपर्ने ।<br>• महिला र पुरुषको सम-विकास, लैङ्गिक एवं सामाजिक विभेद अन्त्य गर्ने अलग्गै नीतिको निर्माण गर्नुपर्ने ।<br>• महिला र पुरुष बीच समान काममा समान ज्यालाको नीति बनाएर लागु गर्नुपर्ने ।<br>• आवधिक तथा वार्षिक योजना तर्जुमा गर्दा लैससासको दृष्टिकोणबाट मापन योग्य सुचक र उपलब्धी सहित तयार गर्नुपर्ने ।<br>• श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले लैससास समुहमा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पुँजीगत बजेटको निश्चित प्रतिशत बजेट विनियोजन गर्नुपर्ने ।<br>• योजना तर्जुमा गर्दा महिला, पुरुष, अपाङ्गता तथा वञ्चितिकरणमा परेका समुहको व्यवहारिक र रणनैतिक आवश्यकताको पहिचान गरी कार्यक्रम तय गर्नुपर्ने । | • सामाजिक समावेशीकरणको लागि सकारात्मक वातावरण सृजना हुने ।<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र भई गरेका प्रतिबद्धता पूरा गर्ने<br>• स्थानीय तह संग अपनत्वको भावना विकास हुने,<br>• कानुनी उपचारको अवसर प्राप्त हुने,<br>• बञ्चितिकरणमा परेका एवं लक्षित वर्ग सशक्तिकरण हुने<br>• सबै प्रकारका विभेदजन्य कार्यहरुको अन्त्य हुने । | • लैससास मैत्री कानूनहरुको निर्माण गर्नु ।<br>• निमार्ण गरेका कानूनहरुलाई पुर्ण रुपमा कार्यान्वयन गर्नु ।<br>• लक्षित तथा वञ्चितीकरणमा परेका समुदायमाथि हुने गरेका विभेदजन्य कार्यहरु निर्मुल गर्न कानून निर्माण गरी कार्यान्वयन गर्नु<br>• संघीय कानूनहरु, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी कार्यान्वयन गर्नु<br>• वास्तविक लक्षित वर्गको पहिचान तथा सहभागीता वृद्धि गरी उनिहरुको क्षमता विकास गर्ने ।<br>• महिला तथा लक्षित वर्गहरुका व्यवहारिक रणनैतिक आश्यकताहरु पहिचान गरी कार्यान्वयन गर्नु ।<br>• दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी उपलब्धिमुलक बनाउनु |



२०८१/१२/२०
महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| संस्थागत व्यवस्था | • पालिकाले गठन गरेका समिति, उपसमिति र कार्यदलमा समावेशी प्रतिनिधित्व रहेको ।<br>• कार्यपालिकाको बैठकमा लक्षित वर्गका विषयमा छलफल हुने गरेको ।<br>• पालिकाको पञ्जीकरण शाखामा सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण चुस्त दुरुस्त रुपमा राखिएको<br>• पालिकाको निर्णायक तहमा ३३ प्रतिशत महिला रहेको ।<br>• आदीवासी, जनजाती, दलित तथा अन्य लक्षित समुहका महिलाहरुको विकास र सशक्तीकरणको लागि बजेट व्यवस्था भएको । | • लैससास कार्यान्वयन समिति क्रियाशिल बनाउने ।<br>• कार्यस्थलमा हुन सक्ने सबै प्रकारका दुर्व्यवहार, भेदभाव र महिला हिंसा नियन्त्रणका लागि आचार संहिता बनाएर लागु गर्नुपर्ने ।<br>• वडा तहमा योजना सम्बन्धी छलफल गर्दा महिला, बालबालिका तथा लक्षित समुदायको अर्थपूर्ण सहभागीता गराउनु पर्ने ।<br>• संचालित कार्यक्रमहरुको अनुगमन गर्दा अनुगमन समितिले लैससास विश्लेषण सहित नीतिगत र कार्यगत सुझावहरु लिखित रुपमा दिनुपर्ने र उक्त सुझावहरुको कार्यान्वयन गर्नुपर्ने ।<br>• आधारभुत तथ्याकं संकलन गर्दा बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टा छुट्टै विवरण राख्नुपर्ने । | • सबै वर्ग समुहले सहज रुपमा सार्वजनिक सेवा लिने अवसर,<br>• निर्णायक तहमा महिला तथा लक्षित समुदायको सहभागीता बृद्धि<br>• सामाजिक विभेदहरु कानूनी रुपमा न्यूनीकरण गर्ने<br>• महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागीतामा योजना तर्जुमा गर्ने<br>• बेरोजगार तथा गरीबको पहिचान गरी छुट्टा छुट्टै विवरण तयार गर्ने | • निर्णायक तहमा महिला तथा लक्षित वर्गको समान एवं अर्थपूर्ण सहभागीता गराउनु ।<br>• महिला र पुरुषको भुमिकामा समानता कायम गराउनु ।<br>• महिला तथा वञ्चितीकरणमा परेका समुदायमाथि हुने दुर्व्यवहार तथा हिंसा निर्मुल पार्नु । |
| मानव संशाधन तथा क्षमता विकास | • संगठन संरचना बमोजिम शाखामा कार्यरत जनशक्ती विवरण रहेको ।<br>• विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लक्षित समुहलाई प्राथमिकतामा राख्ने गरेको ।<br>• विपद व्यवस्थापन कोषको स्थापना भई श्रोत परिचालन भएको । | • लैससास नीतिको स्थानीयकरण गर्नको लागि क्षमता विकास कार्ययोजना तयार गरी सोको लागि बजेट विनियोजन गर्नुपर्ने ।<br>• महिला र वञ्चितिकरणमा परेको समुदायको व्यक्तिहरुलाई सार्वजनीक सेवामा प्रवेशका लागि प्रोत्साहन एवं सहयोग गर्न लोकसेवा आयोग पुर्व | • लैङ्गिक असमानता न्यूनिकरण गर्दै सामाजिक समावेशीकरण बढाउने अवसर ।<br>• वञ्चितिकरणमा परेका वर्गको क्षमता विकास भई विभिन्न समिति, उपसमितिमा सहभागीता, नेतृत्व गर्ने अवसर,<br>• जनप्रतिनिधि तथा कर्मचारीको | • निर्णायक तहमा महिला तथा लक्षित वर्गको समान सहभागीता गराउनु ।<br>• मानव श्रोतको व्यवस्थापन तथा समानुपातिकरुपमा क्षमता विकास गर्नु ।<br>• लैगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन |



महेन्द्र कुमार ...
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | • महिला विरुद्ध हुने सबै प्रकारको हिंसा न्यूनीकरण गर्न कार्यक्रमको लागि बजेट विनियोजन हुने गरेको ।<br>• हानिकारक सामाजिक अभ्यास तथा मूल्य मान्यता एवं कुसंस्कार जस्तै बाल विवाह, छाउपडी जस्ता कुरीती हटाउन कार्यक्रमहरु संचालन गर्ने गरेको । | तयारी कक्षा संचालन गर्नुपर्ने ।<br>• लैङ्गिक हिंसा रहित गाउँपालिका घोषणा गर्नका लागि महिला हिंसा विरुद्ध शुन्य सहनशिलता अपनाईनु पर्ने ।<br>• जनप्रतिनिधि, कर्मचारी र सम्बन्धीत पक्षहरुलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, मुलुकी संहिताहरु, पालिकाले जारी गरेका कानून र कानुन तर्जुमा प्रक्रिया सम्बन्धमा जानकारी प्रदान गर्न अभिमुखीकरण गर्नुपर्ने ।<br>• लैङ्गिक हिंसा र विभेद अन्त्यका लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने र यसको प्रभाव विश्लेषण गनुपर्ने । | लैङ्गिक तथा समावेशी विकास सम्बन्धि ज्ञान तथा क्षमता विकास भई नीति, योजना, बजेट तथा सेवा प्रवाहमा लैङ्गिक संवेदनशिलता वृद्धि ।<br>• महिला र वञ्चितिकरणमा परेको वर्गको लागि लोक सेवा पूर्व तयारी तालिम संचालन भई सार्वजनीक सेवा प्रवेशको अवसर<br>• सम्बन्धित ऐन, कानुन र पालिकाले निमार्ण गर्नुपर्ने नीति तर्जुमाको प्रक्रिया सम्बन्धमा जानकारी प्राप्त ।<br>• लैङ्गिक हिंसा रहित गाउँपालिका घोषणा गर्ने | समितिलाई क्रियाशिल गराउनु ।<br>• महिला तथा वञ्चितीकरणमा परेका समुदायमाथि हुने दुर्व्यवहार तथा हिंसा निर्मुल पार्नु ।<br>• लैगिंक तथा समावेशी योजना तर्जुमा गरी कार्यान्वयन गर्नु । |
| सेवा प्रवाह | • सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच बढाउन भर्ना अभियान संचालन गर्ने गरेको ।<br>• पोषण, मातृशिशु, परिवार नियोजन जस्ता जनस्वास्थ्यका कार्यक्रमहरु संचालन हुने गरको<br>• दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक र छात्रबृतिको कार्यक्रम रहेको | • सामुदायिक स्वास्थ्य, प्रजनन स्वास्थ्य र सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धिका लागि कार्यक्रम संचालन गर्नुपर्ने ।<br>• सार्वजनिक संस्था तथा कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने ।<br>• स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रम संचालन गर्नुपर्ने ।<br>• सुपथ मुल्य सहकारी पसल संचालन | • प्रजन्न स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने<br>• समुदाय स्तरमा जनस्वास्थ्य तथा सरसफाईको प्रवर्द्धन गर्ने<br>• वैदेशिक रोजगारीमा जाने युवा युवतीहरुको क्षमता विकास गर्ने<br>• सुपथ मुल्य सहकारी पसल मार्फत सुलभ सेवा प्रदान गर्ने | • सार्वजनिक संरचनाहरुलाई बाल तथा अपागंमैत्री रुपमा निर्माण गर्नु ।<br>• महिला तथा वञ्चीकरणमा परेका समुदायका सबै परिवारहरुलाई उर्जाको पुहँच पुर्‌याउनु ।<br>• सबै सार्वजनिक संस्थाहरुमा स्तनपानको व्यवस्था गर्नु<br>• लक्षित समुदायका महिलाहरुको क्षमता विकास गर्नु ।<br>• सुपथ मुल्य पसलको संचालन तथा |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | गर्नुपर्ने । | | व्यवस्थापन गर्नु । |
| सुशासन तथा उत्तरदायित्व | • सेवा प्रवाह र विकास निर्माणका कार्यहरु स्वीकृत कानून बमोजिम गर्ने गरेको<br>• नियमति रुपमा सार्वजनिक सुनुवाई गर्ने गरेको ।<br>• सार्वजनिक सुनुवाईमा लक्षित वर्गको सहभागीता रहने गरेको ।<br>• कर्मचारी तथा जनप्रतिनिधिहरुको आचारसहिंता स्वीकृत भई कार्यान्वयनमा आएको ।<br>• वार्षिक योजना पुस्तिका प्रकाशन गर्ने गरेको ।<br>• संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने गरको । | • भ्रष्ट्राचार विरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीति बनाई कार्यान्वयनमा ल्याउनु पर्ने ।<br>• संचालन गरिएका कार्यक्रमहरुको लैससास सम्बन्धी प्रभाव विश्लेषण गर्नुपर्ने ।<br>• अनुगमन तथा मुल्याकंनबाट प्राप्त पृष्ठपोषण वार्षिक योजना तथा कार्यक्रम समावेश गर्नपर्ने<br>• लैससास विकासको लागि विभिन्न सरोकारवाला निकायहरुवीच संजाल बनाई कार्ययोजना कार्यान्वयनका लागि कार्य गर्नुपर्ने ।<br>• बाल अधिकार महासन्धी १९८९ सम्बन्धमा योजना बनाएर कार्यक्रम विस्तार गर्नुपर्ने | • लक्षित समुदायहरुको सेवा पहुँच अभिबृद्धि गर्ने<br>• सुशासनको अभिबृद्धि तथा पारदर्शिता कायम गर्ने<br>• अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धताहरु कार्यान्वयन गर्ने | • वञ्चितिकरणमा परेका तथा लक्षित वर्गमा मापन योग्य सेवाको प्रतिफल प्राप्त गर्न ।<br>• एकद्वार प्रणालीको विकास गरी विकास साझेदारहरुलाई समावेश गराउनु ।<br>• संचालित सबै कार्यक्रमहरुको नियमित रुपमा लैससासको दृष्टिकोणबाट अनुगमन र विश्लेषण गर्नु । |



महेन्द्रकुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## १४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना

| मुल शिर्षक | प्राप्त अंङ्ग | क्रियाकलाप | क्रियाकलाप संचालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| **नीति कानुन तथा योजना (२०)** | | • योजना तर्जुमा गर्दा लक्षित वर्गको अथपूर्ण सहभागी वृद्धि गर्ने<br>• नीति, कानुन तथा योजना निमार्ण गर्दा लैससासको दृष्टिकोणले हेर्ने ।<br>• तोकिएको बजेट सम्बन्धित शिर्षकमा समयमा नै खर्च गर्ने । | लैससास शाखा | कार्यपालिका | योजना र प्रशासन शाखा | आ.व. २०८३।८४ | | |
| नीति कानुनमा समावेशिता (८) | २.५ | | | | | | | नपर्ने |
| योजना तर्जुमा तथा कार्यान्वयन (८) | ६ | | | | | | | |
| बजेट तर्जुमा तथा कार्यान्वयन (४) | २ | | | | | | | |
| **संस्थागत व्यवस्था (२०)** | | • खण्डीकृत तथ्याङ्क विश्लेषण र आवश्यकताको आधारमा योजना निमार्ण गर्ने<br>• लैससास नीति तयार गर्ने<br>• लैङ्गिक उत्तरदायि बजेट विश्लेषण गर्ने<br>• महिला एवं वञ्चितिकरणमा परेका वर्गको नीति, योजना र बजेटमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नको लागि आवश्यकतामा आधारीत सशक्तिकरण र क्षमता विकास कार्यक्रम संचालन गर्नुपर्ने | लैससास शाखा | कार्यपालिका | नगरपालिका | आ.व. २०८३।८४ | | |
| कर्मचारी पदाधिकारी प्रतिनिधित्व (४) | ३ | | | | | | पर्ने | |
| कार्यप्रणालीमा समावेशिता (४) | १.५ | | | | | | | |
| समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व (४) | २.५ | | | | | | | |
| वित्त व्यवस्थापन प्रणालीमा समावेशिता (४) | २.५ | | | | | | | |
| तथ्यांक संकलन तथा व्यवस्थापन (४) | ३ | | | | | | पर्ने | |
| **मानव संसाधन तथा क्षमता विकास (२०)** | | • कर्मचारी क्षमता विकास योजना निमार्ण गर्ने<br>• लैङ्गिक तथा सामाजिकरुपमा वञ्चितिकरणमा परेका व्यक्तिहरुको लागि निश्चित प्रतिशत बजेटको व्यवस्था गर्ने<br>• महिला, किशोरी तथा विपन्न वर्गहरुको लागि कानूनी साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने । | लैससास शाखा | कार्यपालिका | योजना र प्रशासन | आ.व. २०८३।८४ | | |
| मानव संसाधन तथा क्षमता विकास (८) | ३ | | | | | | | |
| अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना (४) | ३ | | | | शिक्षा शाखा स्वास्थ्य शाखा | | पर्ने | |
| कानुनी साक्षरता (४) | २ | | | | | | | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापनमा समावेशिता (४) | २.५ | • महिला तथा बालबालिकामाथि हुने हिंसाको बारेमा प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्नको लागि टोलस्तरको संयन्त्र विस्तार तथा क्षमता विकास गरी हिंसा न्यूनिकरण गर्ने । | | | महिला तथा बालबालिका शाखा | | | |
| | | • संस्थागत स्व-मूल्यांकन गरी तयार गरिएको कार्ययोजनालाई वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने । | | | | | | नपर्ने |
| **सेवा प्रवाह (२०)**<br>पुर्वाधार विकास (४)<br>प्रजनन् स्वास्थ्य (४)<br>शिक्षा कार्यक्रम (४)<br>खानेपानी तथा सरसफाई (४)<br>स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन (४) | <br>२<br>३.५<br>३<br>३<br>१.५ | • लैङ्गिक र सामाजिक रुपमा वहिष्करणमा परेका व्यक्ति तथा समुदायको नक्सांकन गरी वार्षिक रुपमा तथ्यांक अध्यावधिक गर्ने ।<br>• लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना निमार्ण गर्ने सम्बन्धी नीति कार्यान्वयन गर्ने<br>• महिला, दलित तथा विपन्न वर्गको लागि लोकसेवाको पूर्व तयारी कक्षा संचालन गर्नुपर्ने<br>• कुहुने र नकुहीने फोहोर छुट्याएर फोहोरको व्यवस्थापन गर्ने | लैससास शाखा | | शिक्षा र स्वास्थ्य शाखा | आ.व. २०८३।८४ | पर्ने | |
| | | • बालिका तथा वञ्चितिकरणमा परेका समुदायको लागि शैक्षिक सहयोग नीति निमार्ण गरी कार्यक्रम संचालन गर्ने ।<br>• स्वरोजगार कार्यक्रमलाई प्रर्वद्धन गर्न शिप विकास, आयआर्जन कार्यक्रम संचालन गर्ने ।<br>• रोजगारको लागि विदेश जाने महिला तथा वञ्चितिकरणमा परेको वर्गको लागि क्षमता विकास तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने | शिक्षा शाखा | कार्यपालिका | महिला तथा बालबालिका शाखा<br>रोजगार शाखा | | | |
| **सुशासन तथा उत्तरदायित्व (२)**<br>सुशासन (४)<br>उत्तरदायित्व र जवाफदेहिता (४)<br>सुचना तथा संचार (४) | <br>२.५<br>३.५<br>३.५ | • स्थानीय तहले सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, लैससास परिक्षण, नागरिक वडापत्र) को | योजना तथा प्रशासन शाखा | कार्यपालिका | नगरपालिका | आ.व. २०८३।८४ | पर्ने | |



महेन्द्र कुमार शर्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अनुगमन तथा मूल्यांकन (४) | २ | कार्यान्वयनको लागि कार्यविधि बनाएर कार्यान्वयन गर्ने । | | | | | | |
| समन्वय र सम्बन्ध विस्तार (४) | २ | • सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण र लैससास परिक्षणमा महिला र पछाडि परेका वर्गको अर्थपूर्ण सहभागिता एवं प्रभावकारीता वृद्धि गर्ने ।<br>• अनुगमन गर्नुपूर्व आयोजना र अनुगमन सम्बन्धमा अभिमुखीकरण गर्ने<br>• अनुगमनमा लक्षित वर्गको क्षमता विकास गरी उनिहरुको सहभागिता वृद्धि गर्ने<br>• प्रत्येक वडा समेतले वडा स्तरिय सूचना तथा संचारलाई व्यवस्थित गर्ने । | सूचना शाखा | | | | | |



महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## १५. निष्कर्ष

लेकवेशी नगरपालिका सुर्खेतले आ.व. २०८१/८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण २०८३ बैशाख २८ देखि २९ गतेसम्म कार्याशालाको आयोजना गरी सम्पन्न गरेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ अनुसार ५ ओटा मुख्य विषय क्षेत्र, २२ ओटा उपक्षेत्र र १०० वटा सुचक तथा प्रश्नावलीहरुमा आधारीत भएर सहभागीतात्मक विधिबाट गरिएको परीक्षणबाट पालिकाले ६० अंक प्राप्त गरेको छ ।

लैससास परिक्षणका लागि तयार गरिएको कार्यविधिका आधारमा नगरपालिकाको कार्यदलको सहजीकरण र सहयोगमा यो लैससास परीक्षण सम्पन्न भएको हो । लैससास परिक्षणबाट प्राप्त अंक मापनका आधारमा कार्ययोजना निमार्ण भएको छ । यस कार्यशाला संचालनको क्रममा लैससास परिक्षणको अवधारणा, प्रक्रिया र लैससास सम्बन्धी अवधारणागत वुझाइको विकास भएको छ । लैससास परिक्षणले पालिकाको स्वलेखाजोखा अंकभार र सूचकहरु मार्फत लैससासको अवस्था अध्ययन र यसको महसुसिकरण गर्न मद्दत पुगेको छ । लैससास परीक्षणले सिफारिस गरेका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि आगामी कार्ययोजनामा समावेश गर्न आवश्यक छ । नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धताको कार्यान्वयनमा पनि विशेष जोड दिनुपर्ने देखिन्छ । सहभागितात्मक विधि र प्रकृयाका आधारमा गरिएको लैससास परिक्षणले सबै सरोकारवालाहरुको सिफारिस र समन्वयमा कार्ययोजनाको कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

## १६. सुझाव

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणमा आएको अंकभार, सवल र सुधार गर्नुपर्ने पक्षहरुलाई विस्तृत रुपमा अध्ययन गर्दा लैससास पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनको लागि देहाय बमोजिमका सुझावहरु रहेका छन् ।

क) नेपालको संविधानको धारा १८ र धारा ३८ तथा स्थानिय सरकार संचालन ऐन, २०७४ ले अङ्गिकार गरेका उद्देश्य प्राप्तिका लागि नीति, कानुन र योजना तयार गर्दाको समयमा नै लक्षित वर्गको सहभागिता बढाउनु पर्ने ।

ख) पालिकाले बनाएको नीति, योजना, कार्यक्रम लैससासको दृष्टिकोणले विश्लेषण गर्न कार्यदललाई जिम्मेवारी दिने र त्यसको पृष्ठपोषण लिने व्यवस्था लागु गर्ने ।

ग) लैससास नीति निमार्ण गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।

घ) लैससास कार्यान्वयन समिति क्रियाशिल हुनुपर्ने ( नियमित वैठक बस्ने, योजना, कार्यक्रमको विश्लेषण गर्ने, पृष्ठपोषण दिने )

ङ) लैङ्गिक उत्तरदायी बजेट निमार्णलाई व्यवहारमा लागु गर्नका लागि जनप्रतिनिधि, कर्मचारीको क्षमता विकास गर्नुपर्ने ।

च) वस्ती स्तरको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको सहभागिता वृद्धि गर्नुपर्ने र उनिहरुलाई योजना तर्जुमा सम्बन्धी क्षमता विकास गराउनु पर्ने ।

छ) महिलाको स्वास्थ्यमा सुधार गर्नको लागि सुधारीएको चुलो, वैकल्पिक उर्जा कार्यक्रम संचालन गर्ने ।

ज) लैससास सुधार योजना कार्यान्वयन गर्नुपर्ने ।

झ) कार्यपालिका तथा नगरसभाको बैठकमा पेश भएको नीति, योजनाको लैससासका दृष्टिकोणले सुझाव दिन विज्ञ समुहको कार्यदल गठन गरी जिम्मेवारी दिनुपर्ने र पृष्ठपोषण कार्यान्वयन गर्नुपर्ने ।

ञ) पूर्वाधार निमार्ण, कृषि लगायत सबै क्षेत्रमा समान कामको समान ज्याला कायम गर्न श्रम ऐन बनाएर लागु गर्नुपर्ने ।

ट) स्वरोजगार तथा स्थानीय बस्तुको बजारीकरणको लागि स्थानिय हाटबजार व्यवस्थापन र विस्तार गर्नुपर्ने ।

ठ) रोजगारीको लागि विदेश जाने महिला तथा वञ्चितिकरणमा परेका व्यक्तिहरुको लागि क्षमता विकास तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने ।

ड) महिला, दलित, गरिव तथा वञ्चितिकरणमा परेका समुदायको लागि लोकसेवाको पूर्व तयारी कक्षा संचालन गरी जीवन वृत्तिविकासको लागि प्रेरित गर्नुपर्ने ।

ढ) विद्यालय छोडेका किशोरी तथा महिलाको लागि स्वरोजगार प्रर्वद्धन गर्न सिप विकास तालिम तथा उत्प्रेरणा कार्यक्रम संचालन गर्नुपर्ने ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

### १. लैससास परीक्षणको सुचक, प्राप्तअंङ्ग र प्रमाणीकरणको आधार

| सुचक नं. | सूचक | सूचक को अंङ्ग | प्राप्त अंङ्ग | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| १ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे/नगरेको | ०-१ | ० | कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिकोणले सहभागिता भए नभएको हेर्न कार्यदल निर्माण नभएको । |
| २ | स्थानीय सरकारले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे/नगरेको । | ०-१ | ० | नीति, कानून योजना जारी गर्नु अघि लैससासको दृष्टिले लेखाजोखा नगरिएको । |
| ३ | स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भए/नभएको । | ०-१ | ०.५ | बार्षिक योजनामा लैससास सम्बन्धी केही विषयहरु समावेश भएको । |
| ४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन् । छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)। | ०-१ | ०.५ | सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीति नभएको तर अन्य नीति तथा कार्यविधिमा समावेश भएको । |
